# टोखा नगरपालिका नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक परीक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०८०।०८१

CENTER FOR EQUALITY
WORKING TOWARDS DIVERSITY

**टोखा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**मैजुहिटी, काठमाडौं**

**बागमती प्रदेश, नेपाल**

# विसयसूची

**भाग १ –** ...... १
१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको परिक्षण ...... १
१.१ पृष्ठभूमि ...... १
१.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको महत्व ...... २
१.३ उद्देश्यहरु ...... २
१.४ लैससास तथा सामाजिक परीक्षणको औचित्य ...... ३
१.५ लैससास परीक्षण र कार्यान्वयनको कानूनी आधारहरु ...... ३
१.६ लैससास परिक्षणको सीमा ...... ४
**भाग- २** ...... ५
२ नगर वस्तुस्थिति चित्रण ...... ५
२.१ नगरको भौगोलिक अवस्थिति र प्रशासनीक तथा राजनैतिक विवरण ...... ५
२.३ जाजताती अनुसारको जनसंङ्ख्या विवरण ...... ५
२.४ भाषा अनुसारको जनसंङ्ख्या विवरण ...... ५
२.५ शैक्षिक विकास ...... ६
२.६ स्वास्थ्य सेवा ...... ६
२.७ खानेपानी तथा सरसफाई ...... ६
२.८ आर्थिक विकास ...... ६
२.९ उद्यमशीलता तथा रोजगार प्रवर्द्धन ...... ६
२.१० पर्यटन विकास ...... ७
२.११ पूर्वाधार विकास ...... ७
२.१२ नगरपालिकाको प्रमुख नीति कार्यक्रम तथा लक्ष्य ...... ७
२.१३ नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी नीति ...... ७
२.१४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी रणनीति ...... ८
२.१५ लैससास सम्बन्धी लिएका नीति तथा कार्यक्रमका आधारहरु ...... ८
२.१७ सामाजिक समावेशीकरणमा स्वमूल्याङ्कन आर्थिक वर्ष २०८०।०८१ ...... १०
**भाग -३** ...... १२
३ लैससास परिक्षणको लेखाजोखा ...... १२
३.१ योजना तथा बजेटसंग लैससासको अन्तर सम्बन्ध ...... १२
३.२ स्थानीय तहमा लैससास संस्थागत गर्ने आधार ...... १२
३.३ लैससास परीक्षणको विधि र तरिका ...... १२
३.३.१ तयारी चरण ...... १३
३.३.२ कार्यान्वयन समिति ...... १३
३.३.३ कार्यदल ...... १३
३.३.४ दस्तावेज समिक्षा ...... १३
३.३.५ कार्यान्वयन चरण ...... १४
३.३.६ परीक्षणको कार्यशाला ...... १४
३.३.७ गोष्टी सञ्चालन विधि ...... १५

३.६ लैससास विषय क्षेत्रको विश्लेषण ..... १७
३.६.१ नीति कानुन योजना ..... १७
३.६.२ संस्थागत व्यवस्था ..... १७
३.६.३ मानव संसाधन तथा क्षमता विकास ..... १७
३.६.४ सेवा प्रवाह ..... १८
३.६.५ सुशासन तथा उत्तरदायित्व ..... १८
३.७ मुल सुचकका आधारमा उपलब्धि ..... १८
३.८ लैससास परीक्षण मुख्य सूचक माकुरेजालोमा प्रस्तुती ..... १९
३.९ मुख्य सूचक नतिजाको बार डायग्राम ..... १९
३.१० मुल सुचकको प्राप्तांक प्रतिशत ..... २०
३.११ लैससास परीक्षणबाट प्राप्ताङ्क उपसूचकहरुको प्रस्तुतीकरण ..... २०
३.१२ उपसूचकगत रुपमा नतिजा माकुरी जालो प्रस्तुतीकरण ..... २२
३.१३ उपसूचकगत रुपमा नतिजा डायग्राम प्रस्तुतीकरण ..... २३
३.१४ प्रत्येक सुचकको प्राप्ताङ्क विवरण ..... २४
३.१५ मुल सुचकको प्राप्तांक विवरण ..... २५
३.१६लैससास परीक्षणबाट प्राप्त सबल, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु ..... २६
३.१६.१नीति तथा योजना ..... २६
३.१६.२संस्थागत व्यवस्था ..... २७
३.१६.३ मानव संशासन तथा क्षमता विकास ..... २८
३.१६.४ सेवा प्रवाह ..... २९
३.१६.५ सुशासन तथा उत्तरदायित्व ..... ३०
३.१७ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका मुख्य उपलब्धीहरु ..... ३१
३.१८ लैससास विकास कार्ययोजना ..... ३३
**भाग – ४** ..... **४९**
४.१ निष्कर्ष ..... ४९
४.२ सुझावहरु ..... ५०
**अनुसूची खण्ड** ..... **५१**
अनुसूचीः १ लैससास मूल्याङ्कनका सूचक र मापनका अवस्थाहरू ..... ५१
अनुसूचीः २ कार्यक्रममा सहभागी उपस्थिति विवरण ..... ७८
अनुसूचीः३ सन्दर्भ सामग्रीहरु ..... ८०

## भाग – १

## १ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको परिक्षण

### १.१ पृष्ठभूमि

महिला अधिकार र लैङ्गिक समानताका सम्वन्धमा नेपाल सरकार संवेदनशील छ। विकासमा लैङ्गिक मूलप्रवाहीकरणको पक्ष कल्याणकारी अवधारणावाट अधिकारवादी अवधारणा तर्फ रुपान्तरित हदै छ। नेपाल सरकारले महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी (CEDAW), वेइजिङ्ग घोषणा पत्र (BPFA) तथा सो को पुनरावलोकन दस्तावेज लगायत अन्तराष्ट्रिय मानव अधिकार सम्वन्धी अन्य दस्तावेजहरु लागु गर्न प्रतिवद्धता व्यक्त गरेको छ। यस सन्दर्भमा विकासको मूलप्रवाहमा क्षमता न्यूनताको कारणले सहभागी हुन नसकेका समूहमा महिला, जनजाति एवं पिछिडिएका वर्ग, गरिव र अति गरिवहरुलाई विकासको मूलप्रवहमा सशक्तिकरण कार्यक्रम तथा नीति लाई पारदर्शी र जवाफदेही ढंगवाट नागरिक समाजको समेत सक्रिय सहभागितामा लक्षित वर्ग सम्म पुर्याउनु आवश्यक छ।

संयुक्त राष्ट्र संघीय वाल अधिकार महासन्धि (CRC) तथा अन्तराष्ट्रिय सम्मेलनमा नेपाल सरकारले दर्शाएको प्रतिवद्धता अनुरुप वाल अधिकार र विकास सुनश्चित गर्न कानून, नीति, संस्थागत विकास, कार्यक्रम, अनुगमन र मुल्यांकनको क्षेत्रमा अझै निकै कार्यक्रमहरु गर्नु पर्ने देखिन्छ। यसका साथै अपाङ्ग, जेष्ठ नागरिकहरुको अधिकार र विकास सम्वन्धमा नेपाल सरकारले अन्तराष्ट्रिय सम्मेलनहरुमा दर्शाएको प्रतिवद्धता लाई हृदयगम् गरी यिनिहरुको सम्मानपूर्वक जीवनयापनका लागी सामाजिक र आर्थिक संरक्षण दिई यिनीहरुको ज्ञान, सिप र अनुभवलाई राष्ट्र निर्माणको विविध क्षेत्रमा उपयोग गर्न आवश्यक देखिएको छ।

समतामूलक विकास प्रयासलाई साकारात्मक विभेदका नीतिहरु अवलम्वन गरी पिछिडिएका वर्ग/समूह विशेष गरी महिला, उपेक्षित, उत्पीडित दलित समुदायहरु विरुद्ध हने सवै प्रकारका भेदभाव उन्मूलन माहासन्धि, वाल अधिकार महासन्धि, सामाजिक विकास सम्वन्धी सम्मेलन, १९९५ जस्ता संयुक्त राष्ट्र संघीय माहासन्धि तथा सम्मेलनहरुमा नेपाल सरकारले प्रतिवद्धता जनाए अनुसार महिला, वालवालिका, अपाङ्ग, जेष्ठ नागरिक तथा सामाजिक तथा आर्थिक दृष्टिकोण वाट पिछिडिएका जनजातिहरुको लागि लक्षित योजना, तथा नीति अपनाई आयोजना तथा कार्यक्रमहरु स्थानीय तहमा संचालनमा आएका छन्।

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा २४ को उपदफा ३ मा व्यवस्था भए वमोजिम, यी आयोजना तथा कार्यक्रमहरुलाई अझ प्रभावकारी वनाउन योजना तर्जुमा, सो को कार्यान्वयन, व्यवस्थापकीय तथा अन्य पक्षहरुको सुधार गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक उतरदायी वजेट परिक्षणको माध्यमवाट लेखाजोखा गर्न त्यतिकै आवश्यक देखिएको छ। यस सन्दर्भमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लाई मध्यनजर राखी यिनीहरुको लैङ्गिक असमानता लगायत गरिवी, अशिक्षा, वेरोजगारी र सामजिक/आर्थिक पछौटेपन कम गर्ने नीति लिई कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ। तसर्थ, समानुपातिक एवं सन्तुलित विकासमा महिला, वालवालिका, अपाङ्ग, दलित तथा जनजातिहरुको आर्थिक, शैक्षिक, भाषिक, सामाजिक, सास्कृतिक आदी जस्ता विविध पक्षहरुको सम्वर्द्धन तथा दिगो विकास तर्फ स्थानीय तह संवेदनशील भई यी वर्ग/समूह हरुलाई अगाडी वढन प्रेरित गराउनु पर्दछ। यसका अतिरिक्त स्थानीय तहले लैससास परिक्षणको पृष्ठभूमिमा टेकेर योजनाको प्रारम्भिक चरणदेखि नै महिला, वालवालिका, दलित, आदीवासी जनजातिहरुलाई उपलब्ध स्रोत साधनको महत्तम उपयोग गरी बस्तु र सेवा वितरण प्रक्रियालाई मितव्ययी, स्तरीय,

प्रभावकारी एवं उत्तरदायी बनाई स्थानीय जनतालाई सुशासनको अनुभूति दिलाउन र स्थनीय विकासको मूलप्रवाहमा सामेल गराउने कार्यक्रम संचालन गर्न जरुरी देखिएको छ।

नेपालको संविधान २०७२ मा महिलाको हक, अधिकार संरक्षण गर्न प्रष्ट प्रावधान समेत राखिएको छ। यस सन्दर्भमा संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीताका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउन संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्युन गर्नु आवश्यक देखिन्छ।

यसरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई केन्द्रीय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै अग्रता दिइरहेको सन्दर्भमा स्थानीय सरकारद्धारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री बनाउन, संवैधानिक एवम् कानूनी प्रावधान पुरा गर्न, राज्यले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक तथा सामाजिक समावेशीकरणको प्रवर्द्धन गर्दै समाबेशी विकासलाई जोड दिन टोखा नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दगदर्शन, २०७८ बमोजिम लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) कार्य सम्पन्न गरेको छ।

### १.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको महत्व

मुलुकमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन, गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्पलाई साकार पार्न गाउँपालिका तथा नगरपालिकाको संरचना, नीति निर्माण र संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन आवश्यक भएको छ। राज्यका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्नका निमित्त टोखा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिएको छ।

यसको मद्दतबाट स्थानीय तहमा लैससासको विद्यमान अवस्थाको जानकारी हुनुका साथै स्थानीय तहगत तथा मुलुकको समग्र लैससाससम्बन्धी समस्या र चुनौतिहरुको पहिचान गरी यस क्षेत्रका योजना तथा कार्यक्रमहरुको दक्षता र प्रभावकारीताको लेखाजोखा तथा मूल्याङ्कन गर्दै नीतिगत पृष्ठपोषण लिन यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण आवश्यक भएको छ।

### १.३ उद्देश्यहरु

- महिला, दलित, आदीवासी/जनजाती, मधेशी, मुश्लिम, पिछिडिएको समुदाय,अपाङ्खता भएका व्यक्ति अल्पसंख्यक र लोपोन्मुख जाति एवम विपिन्न वर्ग र समुदाय सहित बञ्चितीमा परेका/पारिएका समुदायहरुलाई

विकासको मूलधारमा ल्याई उनीहरुको आर्थिक, सामाजिक, मनवीय तथा सांस्कृतिक अधिकार र अवसरहरुमा न्यायोचित पहुँच सुनिश्चित गर्ने ।

- लैङ्गिताका आधारमा महिला विरुद्धका सबै भेदभाव उन्मूलन गर्दै महिला विकासको परिसूचकमा अभिवृद्धि गरी महिला अधिकारको आधारमा समानता/समानतामूलक समाज निर्माण गर्ने ।
- पिछिडिएका दलित र उपेक्षित समूहलाई समानताको आधारमा सशक्तिकरण गरी स्थानीय विकासका प्रयासहरुमा (योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन) तिनीहरुको पहुँच वढाउदै लैजानु ।
- स्थानीय विकासको मूलप्रवाहमा सक्रिय सहभागी हुन नसक्ने दलित,जनजातीहरुलाई सशक्तिकरणको माध्यमवाट आयस्तर तथा विकास अवसरहरुमा समान पहुँच पुर्याउने ।

## १.४ लैससास तथा सामाजिक परीक्षणको औचित्य

नेपलको संविधान २०७३ ले आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनीक दृष्टले पछाडी परेका विपन्न लगायत महिला, दलित, जनजाती, मधेशी, मुस्लिम आदि लक्षित वर्गहरुलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । यस अनुरुप समावेशीकरण नीति तर्जुमा कार्य गर्न र लैससाससम्बन्धी संरचनाहरु स्थापना गर्ने कार्यको थालनी पनि हुँदै आएका सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण विषयहरुलाई सम्बोधन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ लगायतका कानुनहरु र लैङ्गिक समानता नीति २०७७ प्रदेश तथा स्थानीय तहका लागी लैङ्गिक बजेट नमुना निर्देशिका २०७७ स्थानीय तहका लागि सामाजिक समावेशीकरण परीक्षण नीति २०७८ नमुना पनि तर्जुमा भई कार्यान्वयनमा आएको छ ।

## १.५ लैससास परीक्षण र कार्यान्वयनको कानूनी आधारहरु

नेपालको संविधान २०७३ र सम्बन्धीत ऐन, नियम, कार्यविधिहरु र नेपाल पक्ष भई हस्ताक्षर भएका अन्तराष्ट्रिय घोणणाहरु जस्तै मानव अधिकार सम्बन्धी घोषणापत्र बेईजिङ घोषणापत्र १९९६ बालअधिकार महासन्धी १९८९ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी कार्यान्वयनका लागि तयार गरिएका राष्ट्रिय कार्ययोजना मानव अधिकार कार्ययोजना र संयुक्त राष्ट्रसंघिय सुरक्षा परिषद द्धारा पारित नै नं १३२५ र १८२० को कार्यान्वयन बाध्यात्मक व्यवस्थाहरु रहेका छन् ।

नेपालको संविधान २०७३ ले नागरिकहरुको आधारभूत अधिकारहरुलाई सुनिश्चित गर्न व्यवस्था गरेको छ । संविधानको धारा १८ मा समानताको हकको व्यवस्था भएको छ जस्ले व्यक्तिलाई समान कानूनी हैसियतको अधिकार सुनिश्चित गरेको छ । सबै नागरिक कानुनको दृष्टमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित नगरिने तथा सामान्य कानुनको प्रयोगमा उत्पत्ति धर्म वर्ण जात जाति लिंग शारीरिक अवस्था अपांगता स्वास्थ्य स्थितिमा बैवाहिक स्थिति गर्भावस्था, आर्थिक अवस्थाका रुपमा विपन्न खस आर्य लगायतका नागरिकहरुको संरक्षण सशक्तिकरण वा विकासको निम्ति विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरिएको छ ।

संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ जस्ले प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान बंशीय हकको सुनिश्चित गरेको छ । प्रत्येक महिला सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार सम्पन्न

बनाएको छ। महिला लाई धार्मिक सामाजिक सांस्कृत परम्परा प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न पाईने छैन। यी कार्यहरु कानुन बमोजिम दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपुर्ति पाउने अधिकारको व्यवस्था छ। राज्यको सबै निकायमा महिलालाई समानुपातिक, समावेशीताका सिद्धान्तको आधारमा सहभागी हुने अधिकार सुनिश्चित भएको छ। महिला लाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हकको व्यवस्था भएको छ। साथै सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हककव व्यवस्था भएको छ।

स्थानीय सरकार संचालन ऐन २०७४ को गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकारमा लैससासम्बन्धी व्यवस्था रहेको छ। त्यस्तै वडा समितिको काम कर्तव्य र अधकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिक रुपमा अल्पसंख्यक सिमान्तकृत समुदायको अभिले राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने विभिन्न समुदाय विचमा सामाजिक सद्भभाव र सौहार्दता कायम गर्ने बाल विवाह, बहुविवाह, छुवाछुद, दाईजो, हलिया, प्रथा, छाउपडी, कमलरी, वा बालश्रम मानव बेचविखान जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ। साथै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछाडिएको वर्गको सहभागिता गराउने र योजना छनौटमा महिला बालबालिका, जेष्ठ नागरिक, पिछाडिएको बर्ग क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने कार्यक्रमलाई छनौट गर्ने, बजेट विनियोजनामा जोड दिएको छ।

**१.६ लैससास परिक्षणको सीमा**

यो अध्ययन लैससास कार्यविधि, २०७८ र स्थानीय सरकार संञ्चालन ऐन, २०७४ मा भएको स्थानीय तहको काम कर्तव्य र अधिकार क्षेत्र भित्र रहन्छ। स्थानीय तहको लैससास विकास सँग सम्वन्धित विषयगत शाखाहरु यस अध्ययनको विषय क्षेत्र भित्र रहेका छन्। यो लैससास परिक्षणले स्थानीय तह अन्तर्गत भएका लैससास विकासका सूचकहरुको प्रतिनिधित्व मात्र गर्दछ। लैससास परिक्षण गर्ने समयमा देहाय वमोजिमका सीमाहरुलाई ध्यानमा राखी अध्ययन गरिएको थियो।

- योजना र कार्यक्रम बजेटको परिक्षण गरिदैन,
- गुणात्मक र संख्यात्मक भएकाले लैससासको तथ्यगत सूचनाको आधारमा मात्र अध्ययन तथा विश्लेषण गरिएको,
- विपन्न तथा लक्षित समूह र सरोकारवालाको मात्र सहभागितामा कार्यक्रम संचालन गरिएको ,
- कार्यक्रम र योजनाको पभावकारीताको मात्र जानकारी,
- स्थानीय सरकार र नागरिक समाज बिचको मात्र अन्तर सम्बन्ध,
- लैससास लाई केन्द्र विन्दुमा राखी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको स्थानीय सरकारको काम, कर्तव्य र अधिकारको विषयमा विद्‍यमान व्यवस्थाहरुको तुलनात्मक अध्ययन गरिएको ,
- लैससासका सूचकहरुको आधारमा मापन गरि प्राप्त परिणाम लाई प्रस्तुतिकरण र
- लैससासको सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष र सामाजिक उत्तरदायित्व पुरा गर्नका लागि स्थानीय तहले गर्नु पर्ने कार्यहरुलाई परिलक्षित गरी सुझाव संकलन कार्य गरिएको।

## भाग- २

### २ नगर वस्तुस्थिति चित्रण

### २.१ नगरको भौगोलिक अवस्थिति र प्रशासनीक तथा राजनैतिक विवरण

काठमाडौं जिल्लाको निर्वाचन क्षेत्र नं. ५ र ६ को केही भागहरु (साविक गा.वि.स.: झोरमहांकाल, टोखा चण्डेश्वरी, टोखा सरस्वती, धापासी र गोंगबु समेटी यस टोखा नगरपालिकाको वि.सं. २०७१ मार्ग १६ गते गठन भएको हो। प्राचिन वैज्ञानिक वस्ती व्यवस्थापन भएको ऐतिहासिक शहर (वडा नं. २ र ३ वडाहरु) समेत यसै क्षेत्रमा रहेको छ। यस नगरपालिकाको पूर्वमा बुढानिलकण्ठ नगरपालिका, पश्चिममा तारकेश्वर नगरपालिका, उत्तरमा नुवाकोट जिल्ला र दक्षिणमा काठमाडौं महानगरपालिकाको वडा नं. ३ र २६ पर्दछ। ११ वटा वडा रहेको यो नगरपालिका २७ डिग्री ४३ मिनेट १९ सेकेन्ड उत्तरी अक्षांश देखि २७ डिग्री ४८ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांश र ८५ डिग्री २० मिनेट ९ सेकेन्ड पूर्वी देशान्तर देखि ८५ डिग्री २३ मिनेट २८ सेकेन्ड पूर्वी देशान्तरसम्म रही उत्तर दक्षिण लामो र पूर्व पश्चिम केही साँघुरो प्रकृतिको आकार भई शिवपुरी जंगलको छत्रछायाँमा १७.११ वर्ग किलो मिटर क्षेत्रमा फैलिएको छ। भने यस नगरपालिकाको प्रमुख पर्यटकीय क्षेत्रको रुपमा झोरमहाँकालको वौडेश्वर महादेव, टोखा चण्डेश्वरीको चण्डेश्वरी र सपनतिर्थ मन्दिर, टोखा सरस्वतीको भुतखेल चौर र मसानकली मन्दिर, धापासीको वसुन्धरादेवी, गोंगवुको मनोरथ तिर्थस्थल र बिच विनायक मन्दिर प्रमुख रुपमा रहेका छन्। यस क्षेत्र भएर बग्ने प्रमुख नदीहरुमा विष्णुमति, साङ्गले खोला र सपनातिर्थ मुख्य रुपमा रहेका छन्।

### २.२ जनसंङ्ख्या सम्बन्धी विवरण

राष्ट्रिय जनगणना प्रतिवेदन २०७८ को प्रतिवेदन  अनुसार यस नगरपालिकाको  जनसङ्ख्या १,३३,७५५ रहेको छ। पुरुषको संङ्ख्या ६६,५३२ र महिलाको संङ्ख्या ६७,२२३ रहेका छन। कूल परिवार संङ्ख्या ३७,०२५, जनघनत्व ७,८१७ (प्रति वर्ग कि मी मा जनसंङ्ख्या) लैङ्गिक अनुपात ९८.७९ (प्रति १०० महिलामा पुरुषको सङ्ख्या) रहन गएको छ। १० वर्षको अन्तरालमा जनसंङ्ख्या २.८८ प्रतिशत  का दरले वर्षेनी बढ्दै गएको देखिन्छ

### २.३ जाजताती अनुसारको जनसंङ्ख्या विवरण

टोखा नगरपालिकामा सामाजिक संरचनाको दृष्टीकोण बाट विविधता रहेको पाइन्छ। यस नगरपालिकामा विभिन्न जातजाती, समूहअनुसार जनसंङ्ख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी ब्राह्मण २५ प्रतिशत, क्षेत्री २१.१ प्रतिशत, नेवार १६.२ प्रतिशत, तामाङ ९.३ प्रतिशत, मगर ७.२ प्रतिशत, गुरुङ ६ प्रतिशत, राई २.७ प्रतिशत, विश्वकर्मा १.७ प्रतिशत, ठकुरी १.५ प्रतिशत, र थारु १ प्रतिशत रहेको देखिन्छ।

### २.४ भाषा अनुसारको जनसंङ्ख्या विवरण

भाषागत रूपमा हेर्दा यहाँ अधिकांश मानिसहरु नेपाली भाषाको प्रयोग गर्दछन्। सबैभन्दा बढी अर्थात नेपाली भाषा बोल्ने भाषा बोल्नेहरुको संङ्ख्या नेपाली ६५.४ प्रतिशत, नेवारी १२.६ प्रतिशत, तामाङ ७.७ प्रतिशत, गुरुङ ३.९ प्रतिशत,  मगर ढुट ३.६ प्रतिशत,  राई १.४ प्रतिशत,  मैथिली ०.९ प्रतिशत,  थारु ०.७ प्रतिशत, र भोजपुरी ०.५ प्रतिशत, तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ। सबै आ–आफ्ना मातृभाषा बोल्नेहरुको संङ्ख्या तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ। सबै आ–आफ्ना भाषा बोल्नेहरु समेत सरकारी कामकाजको भाषाका रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ

## २.५ शैक्षिक विकास

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार कूल साक्षरता दर ९१ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ९५.५ प्रतिशत र महिलाको साक्षरता दर ८६.६ प्रतिशत रहेको छ। शैक्षिक विकासको अवस्था हेर्दा यस नगरपालिकामा ९ वटा सामुदायिक विद्यालय, ८१ वटा संस्थागत विद्यालय, ३ वटा वैकल्पिक विद्यालय, ३ वटा सामुदायिक सिकाइ केन्द्र सहित शिशु स्याहार केन्द्र देखि उच्च शिक्षा अध्ययन गराउने कलेजहरु समेत रहेका छन्।

## २.६ स्वास्थ्य सेवा

यस नगरपालिकामा स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र गरि जम्मा ११ वटा स्वास्थ्य सेवा सञ्चालनमा रहेको रहेका छन। स्वास्थ्य सेवाका लागि नगरपालिका तुलनात्मक रुपमालाभान्वित वढी लाभान्वित देखिन्छ। काठमाडौ उपत्यका भित्रको नगरपालिका भएकोले राजधानीमा उपलव्ध सवैप्रकारका सेवा सुविधाहरु यस नगरपालिकाले समेत उपभोग गर्न पाएको छ। अर्कोतर्फ स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको आवद्धताका कारण पनि स्थानीयहरु राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका स्वास्थ्य सेवाहरुवाट लाभान्वित भएका पाइन्छ। ग्राण्डी अन्तर्राष्ट्रिय अस्पताल यसै नगरपालिका क्षेत्रभित्र क्रियाशील छ। ग्रीनसिटी अस्पताल, इसान वाल तथा महिला अस्पताल, अल नेपाल अस्पताल, विनायक अस्पताल तथा मातृत्व गृह जस्ता अस्पतालहरु पनि यसै क्षेत्रमा सञ्चालनमा छन जसका कारण पनि स्थानीयहरुले गुणस्तरीय स्वास्थ्य सेवाहरु उपभोग गन पाइरहेका छन। यसका अलवा उपत्यका भित्रको अरु विशिष्टकृत स्वास्थ्य सेवा, विशिष्ट चिकित्सक, आधुनिक स्वास्थ्य उपकरण आदिको उपलव्धता तथा उपभोग पनि यसक्षेत्रको थप तुलनात्मक लाभहरु हुन।

## २.७ खानेपानी तथा सरसफाई

नगरपलिका क्षेत्रभित्र करीव शत प्रतिशत जनसंख्याले सुरक्षित खानेपानी उपभोग गर्दै आएको देखिन्छ खानेपानीका केहि योजनाहरु सम्पन्न भईसकेका छन भने केही योजनाहरु सञ्चालनमा रहेका छन। नगरपालिका क्षेत्रभित्र डिपो वोरिङ, सार्वजनिक धारा, कुवा, इनार जस्ता सेवा सुविधाहरु खानेपानीका लागि उपलव्ध हुँदै आएको पनि देखिन्छ। सरसफाइ तर्फ नगरपालिकाका सवै वडाहरुलाई खुल्ला दिसामुक्त घोषणा गरिएको छ। करीव शत प्रतिशत घरधुरीमा शौचालय रहेको पाइन्छ भने करीव। त्यसैगरी फोहोरमैला व्यवस्थापनका लागि स्रोत वाटै फोहोर संङकलन गर्ने गरेको पाइन्छ। हरेक शनिवार सार्वजनिक स्थलहरुमा सरसफाईका कार्यक्रमहरु हुँदै आएका छन एक अध्ययन अनुसार टोखा नगरपालिकावाट दैनिक करीव ३५ मे.टन फोहोर उत्पादन हुने गरेको छ।

## २.८ आर्थिक विकास

व्यवसायिक कृषि तथा पशुपालनका लागि उपयुक्त वातावारण तथा उत्पादित कृषि तथा पशुजन्य उपजको विक्री वितरणका लागि बजारको राम्रो अवसर रहेको छ। कृषि तथा पशु फर्महरु नगरपालिकामा दर्ता अभिलेखीकरण संचालन गरिएको छ। फर्म दर्ता अभिलेखीकरणकै आधारमा सेवा उपलव्ध गराएको देखिन्छ।

## २.९ उद्यमशीलता तथा रोजगार प्रवर्द्धन

नगरपालिकाले विभिन्न समयमा उद्यमीहरुलाई उद्यमशीलता तथा सिपमूलक तालिम सञ्चालन गरेको छ। लागत साझेदारीमा प्रविधि हस्तान्तरण गरिएकव स्यानेटरी प्याड उद्योग मेशिन ढाका बुनाई सिपमूलक रोजगारमूलक तालिम सञ्चालन गर्दै आएको छ। जनालाई तालिम प्रदान गरेको गरेको देखिन्छ। वडा नं ९, २ र ३ मा कोसेली घर स्थापना वडा नं ३ मा हरेक शनिवार हाट बजार संचालन हुँदै आएको छ जस्का कारण स्थानीय उत्पादनको प्रदर्शनी तथा प्रचार प्रसारको बढोत्तरी भएको देखिन्छ।

## २.१० पर्यटन विकास

यस नगरपालिकामा विकासका लागि प्रशस्त संम्भावना तथा अवसर रहेका छन् । यस नगरपालिकाको ११ वटै वडालाई पक्की सडकले जोडेको छ । धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलहरुमा रहेको यस नगरपालिका पर्यटनको प्रवल संभावना रहेको छ । पर्यटन विकासका लागि टोखा नगरपालिकाको शिवपुरी राष्ट्रिय निकुञ्ज एक प्रमुख आकर्षक केन्द्र रुपमा रहेको छ । प्राकृतिक शौन्दर्यता, पैदल यात्रा र काठमाडौ उपत्यका अवलोकन नै यस क्षेत्रको मुख्य विशेषता हो । यसपछिको दोश्रो आकर्षणमा  झोरको झरना पर्दछ । खासगरी गर्मीयाममा शितलता प्राप्तीका लागि काठमाडौं वासीहरुको ठूलो भीड लाग्दै आएको पाइन्छ र रक क्याम्विङको नमूना परीक्षणवाट साहसिक पर्यटनको सम्भावना अरु वढाएको छ । धार्मिक दृष्टिकोणवाट चण्डीश्वरी मन्दिर, वौडेश्वर महादेव, सपनतीर्थ, इन्द्रेणी, वसुन्धरा देवी र मनोहरतीर्थ मन्दिरहरु यसका प्रमुख आस्थाका केन्द्रहरु हुन, जहाँ हज्जारौ तीर्थालुहरुवाट हरेक वर्ष अवलोकन हुँदै आएको पाइन्छ ।

## २.११ पूर्वाधार विकास

वर्तमान अवस्था सडक यातायात नगरपालिकाले उल्लेख्य प्रगति हासिल गरेको छ । सवै वस्ती, टोलहरु सडक सञ्जालवाट जोडिएका छन । ३० मिनेटको दुरीमा यातायात पहुँच भएका घरपरिवारहरु करीव ९० प्रतिशत भन्दा वढी छन । नगरपालिकाको सवै क्षेत्रहरुवाट जोडिएको काठमाडौ चक्रपथ यसका प्रमुख सडकहरु हुन । करीव ९५ प्रतिशत भन्दा वढी वस्तीहरुमा आधारभूत पूर्वाधारहरु शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सञ्चार एवं सुरक्षा व्यवस्था पुगेको छ । संरचनाहरु अपाङगतामैत्री निर्माणको क्रममा रहेका छन । विद्युत सुविधातर्फ सतप्रतिशत घरधुरीहरुमा त्यसप्रकारको सेवा उपलव्ध भएको पाइन्छ । राष्ट्रिय विद्युत प्रशारणवाट विद्युत सेवा वितरण भएकोले वैकल्पिक तथा नवीकरण ऊर्जाको प्रयोग गर्ने गरेको पाइदैन र खाना पकाउने इन्धनको रुपमा सवैघरहरुमा एलपि ग्याँस प्रयोग हुँदै आएको देखिन्छ । सार्वजनिक कार्यालय, विद्यालय सवैमा इण्टरनेट सेवा उपलव्धता पाइन्छ । तापनि सार्वजनिक स्थलहरुमा निःशुल्क इण्टरनेट सेवा उपलव्ध हुन सकेको छैन भने नगरपालिकाका सेवा प्रवाहहरु अनलाइन हुने गरेका छन ।

## २.१२  नगरपालिकाको प्रमुख नीति कार्यक्रम तथा लक्ष्य

- उद्यमी सृजना, स्वरोजगार, हिलो, धूलो र खाल्डाखुल्डी रहित नगर पछि परेका वर्गको सशक्तिकरण रातभर झिलिमिलि र सुरक्षित शहर निर्माण, हरित शहर सेवाग्राही मैत्री शासन, मितव्ययीत, पार्दशिता, एवं उत्पादनमूलक खर्च प्रणाली टोखा नगरपालिकाका प्रमुख नीतिगत प्राथमिकता हुनेछन् । टोखा नगारालिकाका वार्षिक नीति कार्यक्रम तथा बजेट यीनै प्राथमिकतामा परिलक्षित हुनेछन ।

## २.१३ नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी नीति

- जातिय, लैङ्गिक, सांस्कृतिक, भाषिक वर्गीय हिंसा, शोषण, कुरीति, विभेद, कुप्रथा, विभेद दुर्व्यवहार तथा मानव वेचविखान विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।
- बालबालिका अपांङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक एकल महिला मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिला, दलित तथा किशोरीहरुको हक अधिकार सुनिश्चित गरि सशक्तिकरण गरिनेछ ।
- किशोर किशोरीहरुका लागि जीवन उपयोगी सीप प्रदान गरिनेछ ।
- एकल महिलाहरुका लागि  जिविको पार्जनमा जोड दिईनेछ ।

- बालमैत्री स्थानीय शासनका पूर्वाधारहरु पूरा गरी बालमैत्री स्थानीय तह घोषणा कार्यक्रमलाई वडा कार्यालय मार्फत संचालन गरिनेछ ।
- कार्यालयमा स्तनपान कक्ष निर्माणको व्यवस्था मिलाईनेछ ।
- बाल कोष र आपतकालीन कोष लगायतका कोषहरुलाई निरन्तरता दिईनेछ ।
- बालवालिका उद्धार संरक्षण र पुनःस्थापनाका लागि आपतकालीन बाल उद्धार कार्यक्रम संचालन गरिनेछ ।
- ज्येष्ट नागरिकहरुलाई सक्रिय जीवन विताउन अभिप्रेरित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- ज्येष्ट नागरिकहरु सँग रहेको ज्ञान सिप पुस्तान्तरण गरिनेछ ।
- लैङ्गिक उत्तरदायी बजेट निर्माणमा जोड दिई लैगिक परीक्षण गरिनेछ ।
- लैङ्गिक व्यक्ति तोकिने छ ।
- विद्यालयमा अध्ययनरत छात्राहरु महिनामारी हुँदा निःशुल्क सेनटरी प्याड उपलब्ध गराउन प्रत्येक विद्यालयमा जोड भेण्डिङ मेसिन र डिस्पोजल मेसिन उपलब्ध गराईनेछ ।
- उपमेयर बालबालिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य प्रवर्द्धनात्मक जनचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ । आदि

## २.१४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी रणनीति

- महिला सशक्तीकरण र समावेशीकरणमा जोड दिने छ ।
- बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बालमैत्री बनाईने छ ।
- ज्येष्ठ नागरिकहरुको सम्मान र संरक्षण गर्ने गरिनेछ ।
- अपाङगता भएका नागरिकहरुको संरक्षण र सशक्तीकरण गरिनेछ ।
- दलित समुदायको सशक्तीकरण गरिनेछ ।
- जनजाति समुदाय सशक्तीकरण गरिनेछ ।
- लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गरिनेछ ।

## २.१५ लैससास सम्बन्धी लिएका नीति तथा कार्यक्रमका आधारहरु

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत गर्दै समावेशी विकासको प्रवर्द्धन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिललाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- महिलाहरुको सशक्तिकरण तथा समावेशीकरणका लागि संस्थागत सहभागीता अभिवृद्धि गर्दै क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
- लक्षित वर्गका लागि लोक सेवा तयारी कक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- उद्यम व्यवसायमा संलग्न महिला व्यवसायीहरुको व्यवसाय प्रवर्द्धनका लागि व्यवसायिक महिला समुह निर्माण तथा व्यवसाय स्थापना तथा प्रोत्सहान कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसालाई दुरुत्सहान गर्न र हिंसा पिडित तथा प्रभावित महिला लैङ्गिक अल्पसंख्यक तथा कशोरीहरुलाई सहज तथा दिर्घकालिन पुनर्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

- ज्येष्ठ नागरिकलाई सम्मान सम्मानित ज्येष्ठ नागरिक हाम्रो अभियान अन्तर्गत सबै ज्येष्ठ नागरिक संलग्न संस्थाहरुलाई सक्रिय बनाउदै ज्येष्ठ नगरिक दिवा सेवा केन्द्र सञ्चालन, ज्येष्ठ नागरिक तथा सीप हस्तान्तरणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपांङ्गता भएका व्यक्तिहरुको सम्मानित तथा सहज जीवनयापनका लागि परिवार तथा समुदाय सचेतिकरण कार्यक्रम तथा अपांङ्गता संरक्षण तथा सम्बर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बालश्रम न्यूनीकरण विशेष संरक्षणको आवश्यक भएका बालवालिकाहरुको उद्दार तथा संरक्षण गर्नुका साथै बालवालिकाहरुको सवाल बालवालिकाहरु नै जवाफ भन्ने नाराका साथ बालसमुह संस्थालाई सक्रिय बनाई बाल संरक्षण सम्बर्द्धन गर्नुका साथै बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- जनजातिहरुको भाषा, लिपि र संस्कृतिको जगेर्ना गर्दै आदिवासी जनजाति हकहित संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ ।
- दलित समुदाय लक्षित सिप विकास, क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिका भित्र दलित समुदायले परम्परागत रुपमा गर्दै आइरहेको पेशाको निरन्तरता, आधुनिकीकरण एवं स्वारोजगारमूलक तथा सिपमूलक कार्यक्रमका लागि आवश्यक पहल गरिनेछ ।

## २.१६ नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको वर्तमान अबस्था

टोखा नगरपालिकाको नगरसभामा महिला प्रतिनिधिहरुको उपस्थिति करीव ४० प्रतिशत रहेको छ । कार्यपालिका अन्तर्गत बनेका समिति तथा उपसमितिहरुमा महिलाहरुको प्रतिनिधित्व हुँदै आएको पाइन्छ । नगरपालिका क्षेत्रभित्र वडाहरुमा आमा समूह, महिला समुह, बाल क्लव लगायतका समूहहरु क्रियाशील रहेको देखिन्छ । आमा समूह तथा महिला सञ्जालहरु र महिला सहकारी संस्थाहरु क्रियाशील रहेको देखिन्छ । त्यसैगरी नगरपालिका तथा मातहतका कार्यालयहरुमा महिलाहरु प्रशासनीक र प्राविधिक दुबै क्षेत्रमा कार्यरत रहेको देखिन्छ । महिलाहरुको प्रतिनिधित्व कृषक समूह, वन समूह, सहकारी, टोलसुधार समिति, खानेपानी उपभोक्त समितिहरुमा पनि हुँदै आएको छ भने महिला सशक्तीकरणका विभिन्न सिपमूलक आयमूलक जीवन उपयोगी कार्यक्रमहरु संचालि मनवपारमर्श सम्बन्धी कार्यक्रम  आदि संचालन भएको । स्तनपान कक्ष निर्माण भई संचालनमा रहेको  बालमैत्री शासनका मापदण्ड पुरा गर्न विभिन्न कार्यक्रमहरु संचालन भएको । कोषहरु संचालनमा रही आवश्यकता  अनुसार कार्यक्रमहरु संचालनमा रहेको । ज्येष्ठ नागरिक मिलन केन्द्रका लागि आवश्यक सामाग्री सेवा प्रदान आपतकाली वाल उद्दारका कार्यक्रमहरु संचालन भई बालबालिकाको उद्धार संरक्षणको कार्य भई रहेको छ । सुत्केरी घरभेट कार्यक्रम ज्येष्ठ नागरिकलाई घरदैलो स्वास्थ्य जाँच एवं निःशुल्क औषधी वितरण । अटिजम र भकभके वोली भएका व्यक्ति लक्षित कार्यक्रम संचालन । निशुःशुल्क स्यानीटरी प्याड वितरण गरिएको ।  नगरपालिका भित्रका ज्येष्ठ नागरिक लक्षित दीर्घरोग विरुद्ध मेयर अभियान मार्फत २५०० जना लाभान्वित Pap Smear Test गरि महिलाहरुको पाठेघरको क्यान्सर समयमा नै पत्ता लगाउने गरिएको । बेरोजगार तथ्यांक संकलन एवं लगत राख्ने कार्यको शुरुवात ।  महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, दलित र सिमान्तकृतहरुको पक्षमा कानून, नीति बन्दै गएको देखिन्छ । बालश्रम बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी जस्ता प्रथा रोकथामका लागि तर्जुमा कार्यक्रममा बजेट छुट्याएर लगानी गरेको पाइयो । विभिन्न संघ संस्थाको सहकार्यमा कार्यक्रम सञ्चालन तथा अनुदानका कार्यक्रम सञ्चालन, बाल समन्वय अनुगमन तथा सहजीकरण, जेष्ठ नागरिक कार्यक्रम, ज्येष्ठ नारिक समितिका पदाधिकारीहरु लाई ज्येष्ठ नागरिक सम्बन्धी कानुनी तालिम, ज्येष्ठ नागरीक दिवसको उपलक्षमा दिवशीय कार्यक्रम र सम्मान कार्यक्रम, अपांङ्गता कार्यक्रम,

अपांङ्गता व्यक्तिहरुका लागि आपतकालीन कोष स्थापना, अपांगता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचलन, बालमैत्री स्थानी व्यवस्था सम्बन्धी कार्यक्रम सञ्चालन, बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रम सञ्चालन, वार्षिक स्विकृत कार्यक्रम बाहेक अन्य कार्यक्रमहरु ज्येष्ठ नागरिक परिचय पत्र वितरण घुम्ती शिविर सञ्चालन, अपांङ्गता भएका संस्था र सुधार केन्द्रहरुको अनुगमन, विभिन्न विद्यालयबाट सुचिकृत हुन आएका बाल क्लवहरुको सुचिकृत र प्रमाण पत्र वितरण युवा तथा रोजगारीका लागि रुपान्तरण पहल योजना, सशर्त अनुदान बाहेक बाँकी बजेटको आर्थिक तथा सामाजि रुपमा पछि परेका महिला दलित अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा लगानी भएको देखिन्छ । टोखा छात्रवृत्ति कोष (सञ्चालन) कार्यविधि, सुपथ मूल्य सहकारी पसल संचालनको लागि अनुदान, वितरण सम्बन्धी कार्यविधि, टोखा नगरपालिकाको सहकारी संस्था संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, टोखा नगरपालिकामा स्वास्थ्य बीमा संयोजना समिति गठन तथा सन्चालन कार्यविधि, टोखा नगरपालिकामा नगरपालिका स्तरिय मेयर दिर्घायु कार्यक्रम कार्यान्वयन कार्यविधि,टोखा नगरपालिकामा महिला स्वयम्सेविका परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, टोखा नगरपालिकामा फार्मेसी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, टोल विकास संस्था गठन सम्बन्धी कार्यविधि, स्थानीय बाल अधिकार समिति गठन कार्यविधि, लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) कार्यविधि, अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान दिने कार्यविधि, टोखा नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, लक्षित वर्ग कार्यक्रम संचालन कार्यविधि, आकस्मिक कोष संचालन कार्यविधि, महिला, बालबालिका सुरक्षित मातृत्व तथा सामाजिक सुरक्षा विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, गरिब तथा असहाय बालबालिका छात्रवृत्ति संचालन तथा व्यवस्थापन कोष कार्यविधि, विपन्न नागरिक स्वास्थ्य उपचार कोष, विपद ब्यवस्थापन कोष संचालन कार्यविधी, टोखा नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, टोखा नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी ऐन, टोखा नगरपालिकाको कृषि ब्यबसाय प्रबर्द्धन ऐन, वातावरणमैत्री स्थानीय शासन प्रारूप, बालमैत्री स्थानीय शासनको अवधारणा, जस्ता कानुनी कार्यविधिहरु बनाई लागु गरेको छ।

## २.१७ सामाजिक समावेशीकरणमा स्वमूल्याङ्कन आर्थिक वर्ष २०८०।०८१

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Self-Assessment-LISA) आर्थिक वर्ष २०८०।०८१ को नतिजा विश्लेषण गरिएको छ। यस नतिजाका आधारमा टोखा नगरपालिकाले सामाजिक समावेशीकरणमा जोड दिएको देखिन्छ। आ.व. २०८०।०८१ मा यस नगरपालिका ले जम्मा ९०.२५ प्रतिशत अङ्क प्राप्त गरेकोमा सामाजिक समावेशीकरणका क्षेत्रमा ९ अङ्क प्राप्त गरेको तल तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.स. | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | सामाजिक विभेदको न्यूनीकरण | १.०० | १ |
| २ | समानुपातिक सहभागिता | १.०० | १ |
| ३ | सामाजिक सुरक्षा तथा संरक्षण | १.०० | १ |
| ४ | घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान | १.०० | १ |

| क्र.स. | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| ५ | बालश्रम, बाल विवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथासँग सम्बन्धित कार्यहरु | १.०० | १ |
| ६ | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण उत्तरदायी बजेट परीक्षण (GESI Audit) | १.०० | ० |
| ७ | महिला विरुद्ध हुने घरेलु हिंसाको घटनामा कमी | १.०० | १ |
| ८ | बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जुमा गरिएका कार्यक्रममा लगानी | १.०० | १ |
| ९ | महिला/दलित/अपाङ्ता भएका व्यक्ति संयोजक/ अध्यक्ष भएको उपभोक्ता समितिहरुको सङ्ख्या | १.०० | १ |
| १० | आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा गरिने लगानी | १.०० | १ |
| **जम्मा** | | **१०** | **९** |

## भाग -३

## ३ लैससास परिक्षणको लेखाजोखा

### ३.१ योजना तथा बजेटसंग लैससासको अन्तर सम्बन्ध

लैससासको विषयमा टोखा नगरपालिकाले तर्जुमा गर्ने आवधिक योजना तथा वार्षिक विकास कार्यक्रमको अभिन्न अंगको रुपमा रहेको छ । तसर्थ टोखा नगरपालिकाले आवधिक र वार्षिक योजना तर्जुमा गर्दा लैससास सँग सम्बन्धीत विषयहरुलाई टोल र वस्तीस्तर बाटै उठान गरी आवधिक र वार्षिक योजनाको दस्तावेजमा नै समावेश गर्ने गरेको तथा आवधिक योजना कार्यान्वयन गर्दा छुटेका विषयलाई लैससासका सवालहरु वार्षिक विकास योजना तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने चरणमा रहेको छ । साथै वार्षिक विकास कार्यक्रम र योजना तयार गर्दा लैससासलाई सबै विषय क्षेत्रमा समेट्ने प्रयास गरेको छ ।

### ३.२ स्थानीय तहमा लैससास संस्थागत गर्ने आधार

महिला,विपन्न तथा लक्षित समुदायको पहिचान र उनीहरुले भोगेका समस्या र सवालहरुको विश्लेषण तथा लेखाजोखा गरी सम्बोधन गर्न नीतिगत व्यवस्था, संस्थागत प्रणाली तथा संरचना, कार्य वातावारण र संस्कृति, योजना, बजेट, पहुँचयुक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान लगायतका कार्यहरु गरेको छ । स्थानीय तहमा विभेदरहित व्यवहारको प्रवर्द्धन, राज्यबाट प्रदान गरिने सेवा सुविधामा पहुँच तथा समान अवसरमा सुनिश्चितता गर्दै सवाल र समस्याको सम्बोधन गरी समग्र स्थानीय बिकास प्रक्रियामा मुलप्रवाहीकरणमा जोड दिएको । लैससास मार्फत स्थानीय सरकारको संरचना र कार्यक्रमहरुमा लक्षित वर्ग तथा समूहहरुलाई सम्बोधन गरी लैङ्गिक समानता र सबै जात जातिको अर्थपूर्ण सहभागिता गराई मूलप्रवाहीकरण गर्दै जागएको । विकासका अवसरबाट बञ्चित, श्रोत र साधनको पहुँच तथा नियन्त्रणमा पछाडि परेका अशक्त, गरीब, विकासका अवसरबाट बञ्चित, महिला, आदिबासी जनजाती, मधेशी, दलित, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, अपांङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, आदिको स्थानीय तहको समग्र शासन प्रणालीमा समावेशी सिद्धान्तका आधारमा अर्थपूर्ण सहभागिता गराई मुलुकको समग्र विकास निर्माण प्रकियामा समेत योगदान गर्न सक्ने गरी सक्षम बनाई सशक्तिकरण गर्दै कार्यक्रम संचालन गरेको ।

### ३.३ लैससास परीक्षणको विधि र तरिका

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ मा व्यवस्था भए बमोजिम स्थानीय सरकारहरुको लैससास परीक्षण हरेक आर्थिक वर्ष नियमित रुपमा गर्ने र सोही अनुसार स्थानीय तहको नीति योजना तथा बजेट तर्जुमाको तहबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकासका कार्यक्रमहरु कार्यान्वयन गर्ने अभिप्राय हो । यो परीक्षण कार्य केही सहभागितामूलक र केही अंश लेखापरीक्षण तथा अनुसन्धानमूलक विधिबाट सम्पन्न गरिएको छ ।

लैससास परीक्षण का लागि नगरपालिकामा हाल कायम रहेको समितिलाई नै निरन्तरता दिई सोहि कार्यदलको नेतृत्वमा टोखा नगरपालिकाको लैससास परीक्षण सम्पन्न भएको छ । यस कार्यका लागि कार्यपालिका सदस्य तथा कर्मचारीको संलग्नता रहेको थियो ।

### ३.३.१ तयारी चरण

टोखा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि निम्न विधिहरु अपनाईएको थियो । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्नका लागि टोखा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुसँग तयारी बैठक गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ मा व्यवस्था भए बमोजिम टोखा नगरपालिकाका नगर प्रमुख श्री प्रकाश अधिकारी को अध्यक्षतामा विभिन्न विषयगत समितिहरुलाई समेटेर तपशिलका व्यक्तिहरु रहेको लैससासकार्यान्वियन समिति गठन गरिएको थियो ।

### ३.३.२ कार्यान्वयन समिति

- प्रकाश अधिकारी, नगर प्रमुख - संयोजक
- श्री मुरारी तामाङ, उप-प्रमुख - सदस्य
- श्री शेर बहादुर बि. सी. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- श्री सायरा परियार सामाजिक विकास समिति संयोजक - सदस्य
- श्री हरिकृष्ण श्रेष्ठ आर्थिक विकास समिति संयोजक - सदस्य
- श्री रमेश डंगोल विद्यान संयोजक - सदस्य
- श्री सुनिता श्रेष्ठ परियार नेपाली कार्यपालिका सदस्य - सदस्य
- श्री बाबुराम गौतम, (शिक्षा उपसचिव), शाखा प्रमुख - सदस्य
- श्री निर्मला रेग्मी, सामाजिक समावेशीकरण शाखा प्रमुख - सदस्य सचिव

### ३.३.३ कार्यदल

उक्त कार्यान्वयन समितिको निर्णयबाट टोखा नगरपालिकाका नगर उपप्रमुखको संयोजकत्वमा तपशिलका व्यक्तिहरु लैससास परीक्षण कार्यदल गठन गरि सो कार्यदलले लैससासपरीक्षण आवश्यक तयारी गरेको थियो ।

- श्री मुरारी तामाङ, उप-प्रमुख - संयोजक
- श्री शेर बहादुर बि. सी., प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- श्री निर्मला रेग्मी, सामाजिक समावेशीकरण शाखा प्रमुख - सदस्य सचिव

### ३.३.४ दस्तावेज समिक्षा

लैससासपरीक्षण कार्यदलद्धारा लैससासप रीक्षणका लागि कार्ययोजना तयार गरी कार्य प्रारम्भ गरियो । कार्यशाला सञ्चालन पूर्व संघिय, प्रादेशिक तथा स्थानीय तहका दस्तावेजहरू (जस्तैः नेपालको संविधान, कानुन, कानून, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरु,नीति, निर्देशिका, कार्यविधि, मापदण्ड, बार्षिक योजना, आवधिक योजना, बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, विषयगत प्रतिवेदन, चौमासिक, बार्षिक समिक्षाको प्रतिवेदन, विकास वुलेटिन, प्रोफाईल, विभिन्न समयमा भएका निर्णयहरू,आदि ) लैससासको दृष्टिकोणबाट विश्लेषण गरियो ।

### ३.३.५ कार्यान्वयन चरण

कार्यदलले पदाधिकारीहरू र कर्मचारीहरूको सहभागितामा सर्वप्रथम प्रत्येक बिषय क्षेत्रको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति (लैससाससम्बन्धीत आन्तरिक र वाह्य वातावरणीय पक्षहरु) को सामुहिकरुपमा आंकलन गरियो र त्यसपछि लेखाजोखाको प्रश्नावलीहरूमा अंक प्रदान गरियो । साथै यस्तो सूचना वा जानकारी लिंदा त्यस्ता लक्षित व्यक्ति, वर्ग वा समूहसँग एक्लाएक्लै वा समूहगत रुपमा पनि छलफल गरियो । लैससासपरीक्षणका लागि देहाय बमोजिमको प्रक्रिया अबलम्बन गरिएको थियो ।

- लैससास कार्यान्वयन समितिको बैठकमा सहभागी भई छलफल भएका विषयवस्तुको जानकारी लिएको,
- लैससास परीक्षण कार्ययोजना विस्तृतरुपमा तयार गर्ने र समिति समक्ष छलफल गरी स्वीकृत गराएको,
- लैससास परीक्षणका लागि स्थानीय तहका पदाधिकारीहरु लगायत प्रमुख प्रशासकीय अधिकृत तथा सरोकारवाला व्यक्तित्वहरुसग समन्वय गरेको,
- सन्दर्भ सामाग्रीहरुको अध्ययन गर्ने, सबै सूचकहरुको गंम्भिरतापूर्वक अध्ययन गरेको,
- सूचकहरुका लागि प्राथमिक र द्वितीय स्रोतहरुको पहिचान गरि सो अनुरुप सूचना संकलन गरेको,
- सूचना संकलनका विधिहरुको निर्क्योल गरी उपयुक्त सूचना उपयुक्त विधिबाट संकलन गरेको,
- द्वितीय स्रोतबाट लिइने सूचनाका लागि आवश्यक प्रमाण जुटाई सम्बन्धीत सूचकमा अंक प्रदान गरी तालिकामा अंक प्रदान गरिएको,
- नीति, योजना, कार्यक्रम, निर्णय तथा कार्यक्रम कार्यान्वयसँग सम्बन्धीत प्रमाण तथा आधिकारिक कागजातहरु जुटाएको,
- प्राथमिक स्रोतका सूचनाहरुका लागि आवश्यकता अनुसार स्थलगत अनुगमन गरेको सम्बन्धीत सरोकारवालाहरु तथा प्रमुख प्रशासकीय अधिकृत, शाखाका सम्बद्ध कर्मचारी र पदाधिकारीहरु तथा सेवाग्राही सँग छलफल गरि, अन्तर्वार्ता समेत गरेको,
- कार्यशालामा प्रस्तुत गर्ने विषयवस्तु र लिने सूचनाको ढाँचा तयारी गरे बमोजिम प्रस्तुतिकरण जानकारी गराएको ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका ५ वटा मुल सुचकहरु क्रमशः नीति कानुन योजना, संस्थागत व्यवस्था, मानव संशाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्त्वका बारेमा तथा मुल सुचकहरु र अंक प्रदान गर्ने विधिका बारेमा गराएको ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका ५ वटा मुल सुचकहरुमा अंक प्रदान गरेको ।
- प्राप्ताङ्कलाई २२ वटा उप सुचक र ५ वटा मुल सुचकहरुमा स्तम्भ चित्र र माकुरे जालो मार्फत प्रस्तुत गरियो ।
- उल्लेखित ५ वटै मुल सुचकहरुमा यस टोखा नगरपालिकाका सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौति (SWOT) विश्लेषण गरि सबैको सझाव लिएर अन्तिम रुप दिइयो ।

### ३.३.६ परीक्षणको कार्यशाला

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि सूचक सग सम्बन्धीत प्रत्येक शाखामा छलफल गरि सुझाव संकलनका लागि कार्यशाला आयोजना गरिएको थियो । कार्यशालामा उपस्थित सहभागीहरु बाट आएका सुझाव लाई प्रतिवेदनमा समावेश गरिएको छ । यस्को सहजीकरण परामर्श दाताका तर्फबाट गरिएको थियो । जस्को नामावली विवरण **अनुसूची २** मा राखिएको छ ।

### ३.३.७ गोष्टी सञ्चालन विधि

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ अनुसार पाँचवटा मूल विषयहरु भित्र २२ वटा सहायक विषयहरु समावेश गरिएको छ। यस भित्र १०० वटा कार्यगत उपसूचकहरु तोकिएका छन्। यिनै सूचक तथा उपसूचकहरुको दायरामा रहि लैससास परीक्षण गोष्टी सञ्चालन गरिएको थियो। गोष्टिमा लैससास को अवधारणा संविधान राष्ट्रिय नीति तथा अन्य प्रावधानहरु लैससास परीक्षण सम्बन्धी व्यवस्था आदिमा अभिमूखिकरण गरियो। कार्यशाला गोष्टिमा पाँचवटा मूल विषयहको आधारमा ५ वटा लैससास विषयगत परीक्षण कार्य समुह विभाजन गरियो। उपसुचकहरुमा सहभागितात्मक छलफल गरि राम्रो देखिएका १ मध्यम देखिएमा ०.५ र सुधार गर्नुपर्ने देखिएमा वा नभएमा ० अंकहरु दिईयो। विस्तृत विवरण अनुसूची १ मा राखिएको छ

### ३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था तथा नतिजाको लेखाजोखा

लैससास लेखाजोखाको लागि प्रयोग गरिने विधिमा नगरपालिकाको नीति, योजना तथा कानून, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा पवाह र सुशासन तथा उत्तरदयित्व गरी प्रमुख पाँचवटा सूचककहरु भित्र २२ वटा उप सूचकहरु राखिएका छन। ती उप सूचकहरुलाई प्रस्ट बनाउनको लागि प्रत्येक उप सूचकममा प्रश्नहरु राखिएका छन्। तिनै प्रश्नहरुको आधारमा नगरपालिको पदाधिकारीहरु र कर्मचारीहरुसंग छलफल गरि प्रत्येक प्रशनमा अंक प्रदान गरिएको छ। अन्तमा मुख्य सूचकहरुमा प्राप्त अंकहरुलाई मकुरी जालोको चित्रण (Spider Diagrm) गरिएको छ। सो चित्रले देखाएका राम्रा पक्षहरुलाई निरन्तरता दिदै, कमजोर पक्षहरुलाई सुधार गर्दै आगामी दिनहरुमा नगरपालिका लाई एक आदर्श नगरपालिकाको रुपमा स्थापित गर्न आवश्यकताहरुको पहिचान गरी लैङ्गिक तथा सामाजिक समावेशी विकासको लागि एकीकृत प्रस्तावित कार्य योजना तयार गरिएको छ।

### ३.५ लैससास परीक्षणका विषयक्षेत्रहरु र अंकभार

स्थानीय तह लैससास परीक्षण दिग्दर्शन २०७८ अनुसार कुल परीक्षण अंकभार १०० र तोकिएका ५ मूल विषयक्षेत्रहरुलाई हरेककव २० पूर्णाङ्क कायम गरिएको छ। यस भित्र २२ वटा सहायक विषयहरु र अंकभार देहाय अनुसार प्रस्तुत गरिएको छ। विस्तृत विवरण अनुसूची १ मा राखिएको छ।

| क्र सं | मुल तथा उप सुचकहरु | समावेश भएका सूचक संङ्ख्या |
|---|---|---|
| **१.** | **नीति कानुन योजना** | **२०** |
| १.१ | नीति र कानुनमा समावेशीता र सहभागिता योजना | ८ |
| १.२ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ |
| १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ |
| **२.** | **संस्थागत विकास** | **२०** |
| २.१ | कर्मचारी पदाधिकारी प्रतिनिधित्त्व | ४ |
| २.२ | समावेशी कार्यप्रणाली | ४ |

| क्र सं | मुल तथा उप सुचकहरु | समावेश भएका सूचक संङ्ख्या |
|---|---|---|
| २.३ | समिति, उप समिति र कार्यदलमा प्रतिनिधित्त्व | ४ |
| २.४ | वित्त व्यवस्थापन प्रणालीमा समावेशीता | ४ |
| २.५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ |
| **३.** | **मानव संसाधन तथा क्षमता विकास** | **२०** |
| ३.१ | मानव संसाधन तथा क्षमता विकास | ८ |
| ३.२ | अनौपचारिक मुल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ |
| ३.३ | कानुनी साक्षरता | ४ |
| ३.४ | विपद व्यवस्थापनमा समावेशीता | ४ |
| **४.** | **सेवा प्रवाह** | **२०** |
| ४.१ | पूर्वाधार विकास | ४ |
| ४.२ | प्रजनन स्वास्थ्य | ४ |
| ४.३ | शिक्षा कार्यक्रम | ४ |
| ४.४ | खानेपानी तथा सरसफाई | ४ |
| ४.५ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ |
| **५.** | **सुशासन तथा उत्तरदायित्त्व** | **२०** |
| ५.१ | सुशासन | ४ |
| ५.२ | उत्तरदायित्त्व र जवाफदेहिता | ४ |
| ५.३ | सुचना तथा संचार | ४ |
| ५.४ | अनुगमन तथा मुल्यांकन | ४ |
| ५.५ | समन्वय र सम्बन्ध विस्तार | ४ |
| **जम्मा** | **२२** | **१००** |

### ३.६ लैससास विषय क्षेत्रको विश्लेषण

### ३.६.१ नीति कानुन योजना

- टोखा नगरपालिकाको कानुन निर्माणको प्रक्रियामा लैससासको दृष्टिकोणबाट उपयुक्त भए नभएको विश्लेशण गर्ने नगरेकोमा लैससासप्रति नगरपालिका सचेत रहेको तथा अब बन्ने निति तथा कानुनहरुको लैससासको दृष्टिकोणबाट विश्लेशण गर्ने प्रतिवद्धता व्यक्त गरेको ।
- योजना तर्जुमा गर्दा महिला तथा लक्षित समुदायका लागि छुट्टै भेला गर्न, कार्यक्रमका लागि निश्चित प्रतिशत बजेट विनियोजना गर्न यो परीक्षणले अभिप्रेरित गरेको छ ।
- उपभोक्ता समितिहरुमा महिला सहभागिता तथा नेतृत्वमा महिला सहभागिता सुनिश्चित गरि विद्यमान कानूनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयनलाई मार्गदर्शन गरेको छ ।

### ३.६.२ संस्थागत व्यवस्था

- टोखा नगरपालिकाको निर्णायक तहमा महिला तथा लक्षित समुदायको सहभागिताले नेतृत्त्व विकास तथा समाजको वास्तविक प्रतिनिधित्त्व हुँदै नगरपालिकाको समावेशी विकासमा योगदान पुग्ने देखिन्छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति तथा कार्यदल गठन भएको छ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको लागि आचार संहिता निर्माणमा अग्रसरता लिइएको छ ।
- टोखा नगरपालिकाको वस्तुगत स्थितिका आधारमा बार्षिक कार्यक्रम तथा बजेटमा समेट्न लैससास परीक्षणले देखाएको बाटो अनुरुप कार्ययोजना तयार भएको छ ।

### ३.६.३ मानव संसाधन तथा क्षमता विकास

- टोखा नगरपालिका भित्रका महिला तथा लक्षित वर्गको क्षमता विकासका लागि बार्षिक रुपमा बजेट विनियोजना गरि भए गरेका प्राविधिक तालिम तथा सिप विकासका कार्यक्रमहरुको अभिलेखिकरण गर्न यो लैससास परीक्षणले उत्प्रेरित गरेको छ ।
- नगरपालिकामा छुट्टै मानव संसाधन तथा क्षमता विकास शाखा स्थापनाका लागि मार्गदर्शन गरेको हुँदा छुट्टै मानव संसाधन तथा क्षमता विकास शाखा स्थापनालाई जिम्मेवारिको रुपमा ग्रहण गरिएको छ ।
- महिला बाल बालिका, ज्येष्ठ नागरिक तथा लक्षित वर्ग सम्बन्धी अन्तर्राष्ट्रय सन्धि तथा प्रतिवद्धताहरुमा उल्लेखित विषयहरुमा नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुलाई हरेक बर्ष अभिमुखिकरण गरि सो अनुरुप काम गर्नका लागि बजेट तथा कार्यक्रममा निरन्तरता दिनका लागि उत्प्रेरित गरेको छ ।
- विपद व्यवस्थापन सम्बन्धी कुनै पनि काम गर्दा महिला, बाल बालिका, ज्येष्ठ नागरिक तथा लक्षित वर्गहरुको सहभागिता, सुनिश्चितता तथा उक्त कामको अभिलेखिकरणलाई जिम्मेवारिको रुपमा ग्रहण गरिएको छ ।

### ३.६.४ सेवा प्रवाह

- महिला केन्द्रित रोगहरु जस्तै स्तन क्यान्सर तथा पाठेघर सम्बन्धी रोगहरुका बारे अपनाउनु पर्ने सावधानिलाई समेटेर गरिने अनुशिक्षणलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरिएको छ ।
- आगामी दिनमा निर्माण गरिने भौतिक संरचनाहरु महिला, बाल बालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गमैत्री बनाउन आवस्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

### ३.६.५ सुशासन तथा उत्तरदायित्व

- नियमित रुपमा हुने सार्वजनिक सुनुवाई तथा हरेक योजनाको सार्वजनिक परीक्षणलाई लैससासको दृष्टिकोणबाट गर्ने तथा उक्त कामको अभिलेखीकरणलाई जिम्मेवारिको रुपमा ग्रहण गरिएको छ ।
- यस नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुका लागि आचार संहिता तयार गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।
- अनुगमन समितिले अनुगमन गर्दा प्रयोग गर्ने अनुगमन फाराममा लैससासको आधारमा समेत हेर्ने व्यवस्थाका लागि आवस्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । उल्लेखित ५ वटै मुल सुचकहरुमा अंक प्रदान गर्दा ० र ०.५ अंक आएका सुचकहरुका लागि विस्तृत कार्ययोजना तयार गरियो । साथै अन्त्यमा यस टोखा नगरपालिकालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले एक आदर्श नगरपालिका बनाउने प्रतिबद्धता सहित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिलाई कार्ययोजना कार्यान्वयनको प्रमुख जिम्मा दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणके कार्य सम्पन्न भएको थियो ।

## ३.७ मुल सुचकका आधारमा उपलब्धि

